आज मिति २०८२ साल भदौ महिनाको ३१ गतेका दिन मुस्ताङ जिल्ला वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री रिङजीन नामगेल गुरुङ ज्यु को अध्यक्षतामा डोल्पा जिल्ला छार्का ताङसोङ गाउँपालिका र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका मुस्ताङका निम्न पदाधिकारी तथा कर्मचारीहरुको उपस्थितिमा संयुक्त अन्तरपालिका समन्वय बैठक बसी तपसिलका विषयवस्तु माथि छलफल तथा निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | कार्य क्षेत्र | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | रिङजीन नामगेल गुरुङ | गा पा अध्यक्ष | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| २ | कर्मा ढुण्डुप गुरुङ | गा पा उपाध्यक्ष | छार्का ताङसोङ गाउँपालिका | |
| ३ | ढिकी गुरुङ | उपाध्यक्ष | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| ४ | धावा लामा गुरुङ | वडा अध्यक्ष वडा नं. १ | छार्का ताङसोङ गाउँपालिका | |
| ५ | युवराज अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| ६ | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | छार्का ताङसोङ गाउँपालिका | |
| ७ | कृष्ण प्रसाद सुवेदी | प्रशासकीय अधिकृत | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| ८ | इन्द्रलाल कंडेल | वरिष्ठ लेखा अधिकृत | छार्का ताङसोङ गाउँपालिका | |
| ९ | खगराज सुवेदी | लेखा अधिकृत | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| १० | पासाङ वुटी लामा | सूचना प्रविधि अधिकृत | छार्का ताङसोङ गाउँपालिका | |
| ११ | गोविन्द दोरंगा | इन्जिनियर | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| १२ | खगेन्द्र बोहोरा | जन स्वास्थ्य निरीक्षक | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | Khagendra |
| १३ | बम बहादुर भण्डारी | इन्जिनियर | छार्का ताङसोङ गाउँपालिका | |
| १४ | मणिराज पौडेल | अधिकृत छैटौं | छार्का ताङसोङ गाउँपालिका | |
| १५ | प्रेम प्रसाद भट्टराई | आ ले प अधिकृत | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| १६ | विकास पाण्डे | कृषि प्राविधिक | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| १७ | रेखा पन्त | प्रा स शिक्षा | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| १८ | रिता के सी | वरिष्ठ प्रशासन सहायक | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |

रिङजीन नामगेल गुरुङ
अध्यक्ष

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १९ | रक्षा शर्मा | वरिष्ठ प्रशासन सहायक | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| २० | भक्त बहादुर बुढा | खरिदार | छार्का ताङसोङ गाउँपालिका | |
| २१ | ललिता पौडेल | स म वि नि | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| २२ | लोकेन्द्र सिंह धामी | कृषि प्राविधिक | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| २३ | मुकेश बोहोरा | पशु प्राविधिक | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| २४ | सुन्दर कुमार थकाली | पत्रकार | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |

**प्रस्तावहरु:**

१. छार्का मुस्ताङ सडक सञ्जाल सम्बन्धमा।

२. पशुपालन र पर्यटन सम्बन्धमा।

३. बसाइ सराई सम्बन्धमा।

४. असल अभ्यास आदान प्रदान सम्बन्धमा।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कागबेनी, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

**निर्णहरु:**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मुस्ताङ जिल्लाको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको एक्लेभाटीदेखि पाकालिङ, फलेक, साङ्ता हुँदै डोल्पा जिल्लाको छार्का सम्मको सडक सञ्जाल स्तरोन्नति गरी सुचारु रुपमा संचालन गर्नका लागि दुवै गाउँपालिकाहरुले उच्च प्राथमिकतामा राखी प्रदेश सरकार र संघीय सरकारहरुसँग पहलकदमी गर्ने।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा छार्का ताङसोङ गाउँपालिकाबाट मुस्ताङ तर्फ निकासी हुने याक, च्याङ्ग्रा लगायतका पशुहरु निकासी गर्दा नियमित खोप लगाई सो को प्रमाण सहित निकासी गर्ने।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा डोल्पा जिल्ला छार्का ताङसोङ गाउँपालिकाबाट वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा अस्थाई बसाइ सराइ एवं कामको सिलसिलामा आउने व्यक्ति एवं परिवारहरु ठूलो संख्यामा रहेकोले स्थानीय तहले प्रवाह गर्ने सेवा आपसी समन्वयमा जनताहरुलाई सहज हुनेगरी उपलब्ध गराउने।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा दुवै गाउँपालिकाहरुले अवलम्बन गरेका असल अभ्यास सम्बन्धमा विस्तृत रुपमा छलफल तथा प्रस्तुतिकरण गरियो। दुवै पालिकाका सामाजिक, साँस्कृतिक, प्रथा, परम्परा, रितीरिवाज लगायतका संवृद्धिका क्षेत्रहरु कृषि, पर्यटन, पशुपालन, जडिबुटी र पूर्वाधार विकासका संभाव्य क्षेत्रहरुलाई आपसी समन्वयमा संचालन गर्ने गरी हालसम्म अवलम्बन गरिएका अनुभवहरुको आदान प्रदान गरी आगामी दिनहरुमा समन्वयात्मक रुपमा अगाडी बढाउने निर्णय गरियो।

अध्यक्ष ज्यु को आदेशले आजको समन्वय बैठक समापन गरियो।

रिङजीन नामग्याल गुरुङ
अध्यक्ष

Scanned with CamScanner